मिति : २०७२।९।२८
समय : विहान ८:०० बजे
स्थान : धनकुटा नगरपालिका कार्यालय

बैठक : नेपाल सरकार, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त अख्तियारी अनुसार स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९० बमोजिम चौविसौं नगरपरिषद् बैठक ।

अध्यक्षता : प्रमुख/कार्यकारी अधिकृत श्री तीर्थप्रसाद धिताल दस्तखत

उपस्थिति :

| | |
|---|---|
| १. प्रवन्धक श्री नुषराज श्रेष्ठ | दस्तखत |
| २. वित्त अधिकृत श्री उपेन्द्र खनाल | दस्तखत |
| ३. इन्जिनियर श्री मिङमादोर्जी शेर्पा | दस्तखत |
| ४. राजश्व अधिकृत श्री राजु गुरागाई | दस्तखत |
| ५. प्रशासकीय अधिकृत श्री डम्वर रोगु | दस्तखत |
| ६. लेखापाल श्री केशवकुमार श्रेष्ठ | दस्तखत |
| ७. आ.ले.प. श्री त्रिविक्रम दाहाल | दस्तखत |
| ८. सामाजिक परिचालक श्री कृष्णप्रसाद भण्डारी | दस्तखत |

निर्णय नं. १

धनकुटा नगरपालिकाको मिति २०७१।९।२९ गते सम्पन्न नगरपरिषद्बाट स्वीकृत चालु आर्थिक वर्ष २०७२/७३ को लागि योजना कार्यक्रम र वजेट अनुसार बजेट अख्तियारी प्राप्त नभएको, जगेडा कोषतर्फ नगरपालिकाले साझेदारी जनाउनु पर्ने बजेट बढेकोले चालु तथा पूँजिगततर्फ आ.व. २०७२/७३ को संशोधित आय तथा व्यय सहित परिमार्जित योजना कार्यक्रम बजेट र आगामी आ.व. २०७३/७४ प्रस्तावित आय र व्यय सहित देहाय बमोजिमको योजना, कार्यक्रम तथा बजेट विवरणलाई स्वीकृति गर्ने निर्णय गरियो ।

निर्णय नं. २

राजश्व परामर्श समितिको मिति २०७२।९।१७ को निर्णयानुसार सिफारिस भए बमोजिम आगामी आ.व. २०७३/७४ का लागि आय सङकलनका क्षेत्रमा देहाय बमोजिम ठेक्का बन्दोवस्त गर्न र कर शुल्क, दस्तुर आदिको दररेट देहाय बमोजिम कायम हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल :

**१, वहाल कर : -नियम १४१ अनुसूचि ९ सँग सम्बन्धीत)**
(क) धनकुटा नगरपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड कारखाना, जग्गा आदि वहालमा दिएकोमा सम्बन्धीत धनीबाट २ (दुई) प्रतिशत वहालकर लिने ।
(ख) नगर क्षेत्रमा आफुले निर्माण, रेखदेख र सञ्चालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति
वर्गफिट रु. २ देखि २० सम्म मासिक वहाल विटौरी लिने ।

**२. सवारी कर : (नियम १४३ अनुसूची ११ सँग सम्बन्धीत) सवारी दर्ता तथा वार्षिक सवारी कर:**

| | |
|---|---|
| (क) वस, ट्रक, लहरी आदि हेवी सवारी वार्षिक | रु. २०००।- |
| (ख) भाडाका कार, जिप, माइक्रो वस वार्षिक | रु. ५००।- |
| (ग) भाडाको टेम्पोमा वार्षिक | रु. ३००।- |
| (घ) निजी का, टेम्पो मिनिवस वार्षिक | रु. ३००।- |
| (ङ) भाडाको मिनिवस वार्षिक | रु. १०००।- |
| (च) स्कुटर, मोटरसाईकल आदि वार्षिक | रु. १५०।- |
| (छ) पावरटेलर वार्षिक | रु. १५०।- |
| (ज) ठेलागाडा, रिक्सा वार्षिक | रु २५।- |

**३. मनोरञ्जन कर : -नियम १४५ अनुसूची १७ सँग सम्बन्धीत)**
(क) सिनेमाहल, भिडियोहल, साँस्कृतिक प्रदर्शनहल, थ्रियटर संगित तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्क मा रु. २।- का दरले मनोरञ्जन कर लगाउने ।
(ख) जादू, सरकश, चटक, आदिमा प्रतिदिन रु. ५००।०० मासिक १२,०००।०० लगाउने ।

**४.व्यवसायिक भिडियोकर : (नियम १४६ अनूसुची १८ संग सम्बन्धीत)**
क. नगर क्षेत्रभित्र संचालित व्यवसायिक केवूल व्यवसायमा वार्षिक रु. ५०००।००

**५.विज्ञापन कर :**

विज्ञापन करको दर बार्षिक :

| | |
|---|---|
| १. ग्लो साइनबोर्ड, डिपिएस बोर्ड प्रति व.फि. | रु ५०।- |
| २. बाल पेन्ट विज्ञापन प्रति व.फि. | रु ५।- |
| ३. व्यानर ( बढीमा एक महिना सम्मको लागि) प्रतिगोटा | रु ३००।- |

**६. सवारी पार्किङ्ग शुल्क :**
नगरपालिकाले आफुले व्यवस्था गरेको सवारी पार्किङ्ग स्थलमा निम्नानुसार पटके पार्किङ्ग शुल्क लिने ।

- वस, ट्रक, मिनिवस, ट्याक्टरमा १ पटकमा — रु. ३०।००
- हल्का सवारी साधनमा १ पटकमा — रु. २०।००

### ७. घर नक्सा पास दस्तुर:

| सि.नं. | विवरण | आ.व. ०७३/७४ को प्रस्तावित दर |
|---|---|---|
| १. | पक्का घर र पर्खाल समेत प्रति वर्गफिट दस्तुर | रु. ७।- |
| २. | कच्ची घर पर्खाल  समेत प्रति वर्गफिट दस्तुर | रु. ३। |
| ३. | नयाँ घर निर्माण गर्दा भौतिक पूर्वाधार सुधार शुल्क | रु. २०००।- |

### ८. विभिन्न प्रमाणित तथा सिफारिस दस्तुरहरु :

| सि.नं. | सेवाको किसिम | साविकको दर | आ.व. ०७३/७४ को प्रस्तावित दर |
|---|---|---|---|
| १ | साँध सिमाना प्रमाणित (पक्की सडक क्षेत्र) | | ५००।- थप प्रति कित्ता रु १००।- |
| २ | साँध सिमाना प्रमाणित (कच्चि सडक) | | ३००।- थप प्रति कित्ता रु ५०।- |
| ३ | साँध सिमाना प्रमाणित (अन्य क्षेत्र) | | ३००।- |
| ४ | नागरिकता प्रमाणपत्रको सिफारिस | | ५०।- |
| ५ | जग्गा नामसारी सिफारिस | | ३००।- |
| ६ | नाम, थर संशोधन सिफारिस | | ३००।- |
| ७ | घर निर्माण सम्पन्न प्रमाणपत्र (पक्की) | | ५००।- |
| ८ | घर निर्माण सम्पन्न प्रमाणपत्र (कच्ची) | | ३००।- |
| ९ | घर कायम (पक्की घर) | | १०००।- |
| १० | घर कायम (कच्ची घर) | | ५००।- |
| ११ | घर नक्सा नामसारी पक्की दुई तला भन्दा वढीको लागि | | २५००।- |
| १२ | पक्कीघर एकतले नक्सा नामसारी | | १५००।- |
| १३ | कच्ची घर (ढुंगामाटोको जोडाई जस्ताको छाना) नक्सा नामसारी | | ५००।- |
| १४ | कच्ची घर फुसको छाना भएको वा सामान्य घर वा टहरा नक्सा नामसारी | | २००।- |
| १५ | अस्थायी टहरा निर्माणको इजाजत दस्तुर | | २०००।- |
| १६ | छुट जग्गा दर्ताको सिफारिस दस्तुर | | १०००।-एक रोपनी भन्दा माथि प्र.रो थप रु.१००।- |
| १७ | विद्युत जडानको सिफारिस दस्तुर | | ५००।- |
| १८ | निजीधारा वा टेलिफोन जडान सिफारिस दस्तुर | | ५००।- |
| १९ | बैदेशिक रोजगारको लागि सिफारिस | | ५००।- |
| २० | परिवार ल्याएको/लगेको सिफारिस | | ३००।- |
| २१ | विवाह दर्ता सिफारिस (विदेशीसँग) | | १०००।- |
| २२ | नाता प्रमाणित दस्तुर | | २००।- |
| २३ | वसोवास प्रमाणित (बैदेशिक प्रयोजन) | | १०००।- |
| २४ | बसोवास प्रमाणित (स्वदेशी प्रयोजन) | | २००।- |
| २५ | नाफामूलक संस्था दर्ता/नविकरण सिफारिस | | १०००।- |
| २६ | सेवामूलक संस्था दर्ता/स्वदेशी प्रयोजन | | ३००।- |
| २७ | निजी विद्यालय सञ्चालनको सिफारिस | | २०००।- |
| २८ | निजी विद्यालय कक्षाथपको सिफारिस | | १५००।- |
| २९ | मोही नामसारी सिफारिस | | २००।- |

| | | | |
|---|---|---|---|
| ३० | सम्बन्ध विच्छेदको सिफारिस | | ३००।- |
| ३१ | ठुला उद्योग स्थापनाको सिफारिस | | ३०००।- |
| ३२ | मझौला उद्योग स्थापनाको सिफारिस | | २०००।- |
| ३३ | साना तथा घरेलु उद्योगको सिफारिस | | ५००।- |
| ३४ | रुख काट्ने सिफारिस प्रति गोटा | | २००।- |
| ३५ | हाँगा काट्ने स्वीकृती | | ५००।- |
| ३६ | नेपाली पेन्सनपट्टा सम्बन्धी सिफारिस | | १५०।- |
| ३७ | भारतीय पेन्सनपट्टा सम्बन्धी सिफारिस | | ५००।- |
| ३८ | अन्य मुलुकको पेन्सनपट्टा सिफारिस | | १०००।- |
| ३९ | अपुताली सिफारिस (नेपालको लागि) | | १०००।- |
| ४० | अपुताली सिफारिस (विदेशको लागि) | | १५००।- |
| ४१ | जन्म मृत्यू विवाह प्रमाणित तथा सिफारिस | | ३००।- |
| ४२ | उल्लेखित बाहेकका अन्य विविध प्रमाणित तथा सिफारिस | | २००।- |
| ४३ | अंग्रेजी रुपान्तरण -प्रति आईटम | | रु.५००।- |

**९. धनकुटा नगरपालिका क्षेत्रको सडक कटान गर्ने स्वीकृती :**

- ४ मि. भन्दा बढि पिच कटान गर्ने स्वीकृती — रु. २०००।००
- ४ मि. सम्मलाई पिच कटान गर्ने स्वीकृती — रु. १०००।००
- ग्रावेल सडक कटान गर्न — रु. ३००।००
- ग्रावेल सडक छेउ कटान गर्न — रु. २००।००

(उपरोक्त सडक कटान गर्दा प्राविधिक हिसावले भएको क्षतीमा नघट्ने गरी न.पा.ले तोकेको धरौटी राख्नु पर्ने छ) ।

## १०. सेवा शुल्कको दर :

| सि.नं. | सेवाको किसिम | साविकको दर | आ.व. ०७३/७४ को प्रस्तावित दर रु. |
|---|---|---|---|
| १ | जनसंख्या नयाँ तथा प्रतिलिपि | | १५।- |
| २ | घर नक्सापास पुस्तिका | | ५००।- |
| ३ | पक्का घरको सर्जमिन वापत | | १०००।- |
| ४ | अन्य सवै प्रयोजनको सर्जमिन वापत | | ५००।- |
| ५ | सवै किसिमको कागजातको प्रतिलिपि | | ५०।- प्रतिपाना |
| ६ | अचल सम्पत्ति मूल्याकंन प्रति हजार | | १।- |
| ७ | रकम कलम उढाईदिएवापत | | २।- |
| ८ | अतिथिगृह कोठा नं. १ र २ प्रति दिन | | ६००।- प्रतिकोठा |
| ९ | अतिथिगृह बाँकी अन्य कोठाहरु प्रतिदिन | | ३००।- प्रतिकोठा |
| १० | न.पा. कार्यक्रम हल प्रति दिन | | ६००।- |
| ११ | ओभरहेड/मल्टीमिडिया प्रतिदिन | | १०००।- |
| १२ | निजी विद्यालयको वार्षिक शुल्क (मा.वि.) | | १०००।- |
| १३ | निजी विद्यालयको वार्षिक शुल्क (नि.मा.वि.) | | ७००।- |
| १४ | निजी विद्यालयको वार्षिक शुल्क (प्रा.वि.) | | ५००।- |
| १५ | नागरिकता अनुसूची तथा नि.फाराम | | ४०।- |
| १६ | अन्य सवैखाले निवेदन फारामहरु प्रतिगोटा | | १०।- |
| १७ | हरेक निवेदन दर्ता शुल्क प्रतिगोटा | | १०।- |
| १८ | मिलापत्र शुल्क (दुवै पक्षसँग आधा आधा) | | २००।- |
| १९ | घर नम्वरिङ्ग प्लेट प्रति गोटा | | १००।- |
| २० | न.पा.को श्रोत नक्सा $A_3$साइज प्रति गोटा | | ५०।- |

| | | | |
|---|---|---|---|
| २१ | विभिन्न नक्सा ठुलो साइजको प्रतिगोटा | | ३००।- |
| २२ | विभिन्न नक्सा ठुलो साइजको प्रतिगोटा | | १५०।- |
| २३ | टो.व.स. दर्ता शुल्क/नविकरण | | ५०।- |
| २४ | व्यवसायिक इजाजत प्रमाण पत्र वापत | | ५०।- |
| २५ | स्थलगत प्राबिधिक सेवा शुल्क | | १०००।- |
| २६ | घर निर्माणमा लाग्ने पुर्वाधार मर्मत संभार शुल्क | | २०००। |
| २७ | पुर्वाधार उपयोग शुल्क | | |
| | क. पक्की सहरी सडक क्षेत्र | उल्लेखित पूर्वाधार उपयोग शुल्क एकीकृत सम्पत्तिकर असुलीमा समावेश गरिनेछ । | २००।- |
| | ख. कच्ची सडक क्षेत्र | | ५०।- |

माथि उल्लेखित बाहेकको सेवा शुल्कको लाीग सेवाको किसिम हेरी न.पा.ले निर्णय गरे बमोजिम हुनेछ ।

**१०.१ ब्यापारिक भवन धनपा ७ को पसलकवलहरुको भाडादरः**

क ब्यापारिक भवनको ब्लक ए कवल नं. १ देखि ६ सम्मको कवलहरुको मासिक भाडा रु.३५००
ख.ब्यापारिक भवनको ब्लक ए कवल नं. ७ देखि १५ सम्मको कवलहरुको मासिक भाडा रु.२५००
ग. ब्यापारिक भवनको ब्लक बी कवल नं. १ र २ को कवलहरुको मासिक भाडा रु.१४०००
घ.ब्यापारिक भवनको ब्लक सी कवल नं. १ देखि ३ सम्मको कवलहरुको मासिक भाडा रु.८०००
ङ.ब्यापारिक भवनको ब्लक सी कवल नं. १२ देखि १४ सम्मको कवलहरुको मासिक भाडा रु.३०००

**१०.२ रेष्टुरेण्ट तथा पसलकवल ध.न.पा. ७ का पसल कवलहरुको मासिक भाडादरः**

क रेष्टुरेण्ट कवल हरुको मासिक भाडादर रु.५५००
ख पसलकवलहरुको मासिक भाडादर रु.५०००

**११. सरसफाई सेवा शुल्क :(घरको आधारमा लाग्ने)**

(क) देनिक रुपमा सरसफाई सेवा पु-याउर्दै आएको क्षेत्रमा मासिक रु.८५।- सरसफाई शुल्क लिने ।
(ख) हप्तामा दुई वा तिन पटक सरसफाई सेवा पु-याईएको क्षेत्रमा मासिकरु. ६५।- सरसफाई शुल्क लिने ।
(ग) हप्तामा एकपटक सम्म सरसफाई सेवा पु-याईएको क्षेत्रमा मासिक रु. ३०।- सरसफाई शुल्क लिने
(घ) आवाशिय क्षेत्रको लागि मासिक रु७५।- सरसफाई शुल्क लिने ।
(ङ) कृषि क्षेत्रको लागि मासिक रु. ३०।- सरसफाई शुल्क लिने ।

**१२. व्यवसायमा लाग्ने सरसफाई शुल्क :**

(च) मुख्य सडक क्षेत्रमा सञ्चालित उधोग,रिसोर्ट, ग्यारेज, अटो वर्कशप ,नरसिङहोम,निजी अस्पतालमा मासिकरु. २००।-
(छ) मुख्य सडक क्षेत्रमा सञ्चालित क बर्गका होटल,थोक पसल, डिलर, आदिमा रु. १२०।-
(ज) मुख्य सडक क्षेत्रमा सञ्चालित मध्यम स्तरका पसल, व्यवसाय आदिमा रु. ८०।-
(झ) मुख्य सडक क्षेत्रमा सञ्चालित निम्न स्तरका व्यापार, व्यवसाय आदिमा रु ३०।-
(ञ) शाखा सडक क्षेत्रमा सञ्चालित उधोग,रिसोर्ट, ग्यारेज, अटो वर्कशप ,नरसिङहोम,निजी अस्पतालका लागी रु. २००।-
(ट) शाखा सडक क्षेत्रमा संचालित क बर्गका होटल,थोक पसल, डिलर, आदिमा रु.१२० ।-
(ठ)शाखा सडक क्षेत्रमा संचालित मध्यम स्तरका पसल, व्यवसाय आदिमा रु.७० ।-
(ड) शाखा सडक क्षेत्रमा संचालित निम्न स्तरका व्यापार, व्यवसाय आदिमा रु.३० ।-
(ढ)आवाशिय क्षेत्रमा संचालित क बर्गका ब्यापार व्यवसायमा रु ८०।-
(ण)आबाशिय क्षेत्रमा संचालित मध्यम तथा न्युन प्रकृतीका ब्यवसायमा रु ५०।-

१३. *व्यवसाय साधन कर :(नियम १४२ परिच्छेद ७, अनूसुची १० संग सम्बन्धीत) वार्षिक :*

| | | |
|---|---|---|
| १. | खूद्रा किराना पसल | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ८००।०० |
| | श्रेणी ग. | रु. ५००।०० |
| २. | थोक किराना | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| ३. | होटल एण्ड लज | |
| | श्रेणी क. | रु. १८००।०० |
| | श्रेणी ख. | रु. १४००।०० |
| | श्रेणी ग. | रु. ९००।०० |
| ४. | होटल | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| | श्रेणी ग. | रु. ८००।०० |
| ५. | लज व्यवसाय | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ६००।०० |
| ६. | रिसोर्ट | |
| | श्रेणी क. | रु. ६०००।०० |
| | श्रेणी ख. | रु. ४०००।०० |
| ७. | रेष्टुरेण्ट | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| | श्रेणी ग. | रु. ८००।०० |
| ८. | चिया नास्ता पसल | |
| | श्रेणी क. | रु. ६००।०० |
| | श्रेणी ख. | रु. ४००।०० |
| ९. | कपडा पसल | |
| | श्रेणी क. | रु. १८००।०० |
| | श्रेणी ख. | रु. १२००।०० |
| | श्रेणी ग. | रु. ८००।०० |
| १०. | फेन्सी तथा तयारी पोशाक | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १२००।०० |
| | श्रेणी ग. | रु. ८००।०० |
| ११. | श्रृगार पसल (कस्मेटिक) | |
| | श्रेणी क. | रु. १२००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| | श्रेणी ग. | रु. ६००।०० |
| १२. | निर्माण सामाग्री तथा हार्डवेयर पसल | |
| | श्रेणी क. | रु. ५०००।०० |
| | श्रेणी ख. | रु. ३५००।०० |
| | श्रेणी ग. | रु. २५००।०० |
| १३. | भाडावर्तन पसल | |

| | | |
|---|---|---|
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| १४. | सून, चांदी आदिको गहना बनाउने तथा बिक्री गर्ने | |
| | श्रेणी क. | रु. ३५००।०० |
| | श्रेणी ख. | रु. २५००।०० |
| | श्रेणी ग. | रु. १५००।०० |
| १५. | पत्रिका तथा पूस्तक पसल तथा स्टेशनरी पसल | |
| | श्रेणी क. | रु. १२००।०० |
| | श्रेणी ख. | रु. ९००।०० |
| | श्रेणी ग. | रु. ६००।०० |
| १६. | फोटो स्टुडियो | |
| | श्रेणी क. | रु. ८००।०० |
| | श्रेणी ख. | रु. ६००।०० |
| *कलरल्याव मेशिन सहित* | | रु. २०००।०० |
| १७ | फोटोकपी टेलिफोन सेवा तथा कुरियार्स | |
| | श्रेणी क. | रु. ६००।०० |
| | श्रेणी ख. | रु.४००।०० |
| १८. | कम्प्यूटर, प्रशिक्षण | |
| | श्रेणी क. | रु. ३०००।०० |
| | श्रेणी ख. | रु. २०००।०० |
| | श्रेणी ग. | रु. १०००।०० |
| १९. | सिलाई वूनाई तथा पेन्टि६ प्रशिक्षण | |
| | श्रेणी क. | रु. ८००।०० |
| | श्रेणी ख. | रु. ५००।०० |
| २०. | घडी, रेडियो क्यासेट आदि विक्री | |
| | श्रेणी क. | रु. १८००।०० |
| | श्रेणी ख. | रु. १२००।०० |
| | श्रेणी ग. | रु. ८००।०० |
| २१. | घडी, रेडियो टि.भी. मर्मत | |
| | श्रेणी क. | रु. ९००।०० |
| | श्रेणी ख. | रु. ७००।०० |
| | श्रेणी ग. | रु. ५००।०० |
| | श्रेणी घ. | रु. २००।०० |
| २२. | पेट्रोमक्स, स्टोभ, कूकर मर्मत | |
| | श्रेणी क. | रु. ५००।०० |
| | श्रेणी ख. | रु. ३००।०० |
| २३. | मोटर साईकल मर्मत | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ८००।०० |
| २४. | गाडीको टायर ट्यूव मर्मत | |
| | श्रेणी क. | रु. १२००।०० |
| | श्रेणी ख. | रु. ८००।०० |
| २५. | ग्रिल सम्बन्धी मर्मत तथा निर्माण | |
| | श्रेणी क. | रु. १८००।०० |
| | श्रेणी ख. | रु. १२००।०० |
| २६. | जूत्ता चप्पल पसल | |

| | | |
|---|---|---|
| | श्रेणी क. | रु. १२००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| | श्रेणी ग. | रु. ६००।०० |
| २७. | <u>अन्य विविध मर्मत</u> | |
| | श्रेणी क. | रु. ८००।०० |
| | श्रेणी ख. | रु. ५००।०० |
| २८. | <u>टेलिभिजन विक्री</u> | |
| | श्रेणी क. | रु. १८००।०० |
| | श्रेणी ख. | रु. १२००।०० |
| २९. | <u>अटोवर्क शप</u> | |
| | श्रेणी क. | रु. ३०००।०० |
| | श्रेणी ख. | रु. २५००।०० |
| ३०. | <u>चिया नास्ता, खुद्रा तथा मिश्रित गूम्ती पसल</u> | |
| | श्रेणी ख. | रु. ५००।०० |
| | श्रेणी ग. | रु. ३००।०० |
| ३१. | <u>सब्जीपसल</u> | |
| | श्रेणी क. | रु. ६००।०० |
| | श्रेणी ख. | रु. ४००।०० |
| | सब्जी थोक विक्री वार्षिक | रु. १५००।०० |
| ३२. | <u>मासू पसल</u> | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ५००।०० |
| ३३. | <u>विउ बिजन कृषि सामाग्री</u> | |
| | श्रेणी क. | रु. ६००।०० |
| | श्रेणी ख. | रु. ५००।०० |
| | श्रेणी ग. | रु. ४००।०० |
| ३४. | <u>कोल्ड ड्रिंक (चिसोपेय)</u> | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ८००।०० |
| ३५. | <u>सैलून</u> | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ८००।०० |
| ३६. | <u>फर्निचर पसल</u> | |
| | श्रेणी क. | रु. २०००।०० |
| | श्रेणी ख. | रु. १५००।०० |
| ३७. | <u>पान पसल</u> | |
| | श्रेणी क. | रु. ८००।०० |
| | श्रेणी ख. | रु. ५००।०० |
| ३८. | <u>सुचिकार (टेलर्स)</u> | |
| | श्रेणी क. | रु. १३००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| | श्रेणी ग. | रु. ५००।०० |
| | श्रेणी घ. | रु. २००।०० |

| | | |
|---|---|---|
| ३९. | अधिकृत विक्रेता (डिलर) वार्षिक | |
| | श्रेणी क. | रु. ३८००।०० |
| | श्रेणी ख. | रु. २८००।०० |
| | श्रेणी ग. | रु. २२००।०० |
| | (मदिरा र चुरोटको डिलरलाई अनिवार्य क श्रेणीमा गर्ने) | |
| ४०. | डिजल मट्टितेल, पेट्रोल पम्प | रु. ६०००।०० |
| ४१. | ऊन होजियारी पसल | |
| | श्रेणी क. | रु. ६००।०० |
| | श्रेणी ख. | रु. ४००।०० |
| | श्रेणी ग. | रु. २००।०० |
| ४२. | औषधी पसल | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ८००।०० |
| | श्रेणी ग. | रु. ५००।०० |
| ४३. | क्यारामवोर्ड पसल | |
| | श्रेणी क. | रु. ५००।०० |
| | श्रेणी ख. | रु. ३००।०० |
| ४४. | चटपटे | |
| | श्रेणी क. | रु. ८००।०० |
| | श्रेणी ख. | रु. ५००।०० |
| ४५. | पूल स्नुकर | |
| | श्रेणी क. | रु. १२००।०० |
| | श्रेणी ख. | रु. ८००।०० |
| ४६. | कूटन पिसन तेलहन मिल | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ८००।०० |
| | श्रेणी ग. | रु.५००।०० |
| ४७. | हस्तकला सामानको पसल | |
| | श्रेणी क. | रु. ६००।०० |
| | श्रेणी ख. | रु. ३००।०० |
| ४८. | बिस्कूट पाउराटी उद्योग | |
| | श्रेणी क. | रु. १२००।०० |
| | श्रेणी ख. | रु. ६००।०० |
| ४९. | नूडल्स उद्योग | |
| | श्रेणी क. | रु. १२००।०० |
| | श्रेणी ख. | रु. ६००।०० |
| ५०. | दाना उद्योग र पसल | |
| | श्रेणी क. | रु. १२००।०० |
| | श्रेणी ख. | रु. ६००।०० |
| ५१. | ईटा टायल उद्योग | |
| | श्रेणी क. | रु. ५०००।०० |
| | श्रेणी ख. | रु. ३०००।०० |

| | | |
|---|---|---|
| ५२. | फर्निचर उद्योग | |
| | श्रेणी क. | रु. २५००।०० |
| | श्रेणी ख. | रु. २०००।०० |
| ५३. | घरेलू उद्योग (सुति कपडा, सूईटर, उन सम्बन्धि, वेतवास सम्बन्धि) | |
| | श्रेणी क. | रु. ५००।०० |
| | श्रेणी ख. | रु. ३००।०० |
| ५४. | पोल्ट्री फार्म | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ६००।०० |
| ५५. | विरुवा नर्सरी | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ७००।०० |
| ५६ | खूकूरी उद्योग | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ५००००।०० |
| ५७ | चिया उद्योग | |
| | श्रेणी क. (गुरांसे टि. स्टेट र नारायणी उष्ट टि.) | रु. १५,०००।०० |
| | श्रेणी ख. | रु. १२०००।०० |
| ५८ | अन्य उद्योग | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| ५९. | अंगूरा खरायो फार्म | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| ६०. | गिफ्ट आईटम पसल | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ६००।०० |
| ६१. | ड्राई क्लिनिङ | |
| | श्रेणी क. | रु. ६००।०० |
| | श्रेणी ख. | रु. ५००।०० |
| ६२. | ढूवानी सेवा | |
| | श्रेणी क. | रु. ३५००।०० |
| | श्रेणी ख. | रु. २५००।०० |
| ६३. | सिनेमाहल | |
| | ठुलो पर्दा | रु. ५०००।०० |
| | सानो पर्दा | रु. ३०००।०० |
| ६४. | प्राईभेटक्लिनिक | |
| | श्रेणी क. | रु. २५००।०० |
| | श्रेणी ख. | रु. १५००।०० |
| | श्रेणी ग. | रु. १०००।०० |
| ६५. | छापाखाना तथा प्रेस | |
| | श्रेणी क. | रु. २५००।०० |
| | श्रेणी ख. | रु. १५००।०० |
| | श्रेणी ग. | रु. १०००।०० |

| | | |
|---|---|---|
| ६६. | <u>पेन्टिङ कला केन्द्र</u> | |
| | श्रेणी क. (अपसेट) | रु. १२००।०० |
| | श्रेणी ख. | रु. ८००।०० |
| | श्रेणी ग. | रु. ५००।०० |
| ६७. | <u>कानूनी तथा प्राविधिक कन्सल्टेन्सी (परामर्स)</u> | |
| | श्रेणी क. | रु. २०००।०० |
| | श्रेणी ख. | रु. १५००।०० |
| ६८. | <u>निर्माण व्यवसायी (ठेकेदार)</u> | |
| | - न.पा. प्रधान कार्यालय भएको | रु. २५००।०० |
| | - बाहिरी ठेगानाको हकमा पटके वोलपत्र खरिद गर्दा | रु. ५००।०० |
| ६९. | निजी <u>प्रयोगशाला (ल्याव) हृ(च्बथ सञ्चालन</u> | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ८००।०० |
| ७०. | <u>विज्ञापन सेवा</u> | |
| | श्रेणी क. | रु. ८००।०० |
| | श्रेणी ख. | रु. ५००।०० |
| ७१. | <u>वित्तिय सेवा वार्षिक कर</u> | |
| | - नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको वाहेक | |
| | ( आर्थिक कारोवार गर्ने वाणिज्य बैकलाई वार्षिक | रु. ५०००।०० |
| | ( वित्तिय कम्पनी प्रधान कार्यालयलाई | रु. ५०००।०० |
| | ( वित्तिय कम्पनी शाखा कार्यालयलाई | रु. ३०००।०० |
| ७२. | <u>जडीबूटी व्यापार (चिराईतो, अलैची आदि)</u> | |
| | श्रेणी क. | रु. २०००।०० |
| | श्रेणी ख. | रु. १५००।०० |
| ७३. | <u>सल्लो खोटो संकलन केन्द्र</u> | |
| | क. २०० मेटिकटन सम्मलाई | रु. २५००।०० |
| | ख. १०० मेटिकटन सम्मलाई | रु. १५००।०० |
| | ग. २०० मेटिकटन भन्दा माथि | रु. ४,०००।०० |
| ७४. | सल्लाको खोटो निकासी केन्द्र व्यवसायलाई | रु. १५००।०० |
| ७५. | अन्य सेवा | |
| | ( वैदेशिक रोजगार सेवा वार्षिक | रु. ५०००।०० |
| | ( स्वदेशी रोजगार सेवा वार्षिक | रु. २०००।०० |
| | ( जग्गा खरिद विक्री व्यवसाय | रु. ५०००।०० |
| ७६. | <u>विभिन्न व्यवसायिहरु</u> | |
| | ( डाक्टर | रु. १०००।०० |
| | ( हेल्थअसिटेण्ट | रु. ८००।०० |
| | ( ईन्जीनीयर | रु. ६००।०० |
| | ( लेखापरिक्षक | रु. १०००।०० |
| | - विमा एजेण्ट | रु. १०००।- |
| ७७. | <u>व्यूटी पार्लर</u> | |
| | श्रेणी क. | रु. ८००।०० |

| | |
|---|---|
| श्रेणी ख. | रु. ५००।०० |
| ७८. <u>उर्जामूलक उद्योग र व्यवसाय</u> | |
| श्रेणी क. | रु. ३०००।०० |
| श्रेणी ख. | रु. २०००।०० |
| ७९. <u>निजी क्षेत्रका क्याम्पस</u> | |
| श्रेणी क. | रु. २०००।०० |
| श्रेणी ख. | रु. १५००।०० |
| श्रेणी ग. | रु. १०००।०० |
| ८०. <u>भाषा प्रशिक्षण तथा कोचिङ्ग सेन्टर</u> | |
| श्रेणी क. | रु. २०००।०० |
| श्रेणी ख. | रु. १५००।०० |
| ८१. नसिङ्गं होम | |
| श्रेणी क. | रु. ५०००।०० |
| श्रेणी ख. | रु. ३०००।०० |
| ८२. मदिरा खुद्रा विक्री | |
| श्रेणी क. | रु. १५००।०० |
| श्रेणी ख. | रु. १०००।०० |
| ८३. कम्प्युटर विक्री | |
| श्रेणी क. | रु. ३०००।०० |
| श्रेणी ख. | रु. २०००।०० |
| ८४. मोवाईल सिम विक्री | |
| श्रेणी क. | रु. ३०००।०० |
| श्रेणी ख. | रु. २०००।०० |
| श्रेणी ग. | रु. १५००।०० |
| ८५ सवारी साधन विक्रेता | |
| श्रेणी क. | रु. ५०००।०० |
| श्रेणी ख. | रु. ३५००।०० |
| ८६ दुध संकलन केन्द्र वार्षिक | |
| श्रेणी क. | रु. १५००।०० |
| श्रेणी ख. | रु. १०००।०० |
| ८७ सवारी साधनका पार्टपुर्जा विक्री | |
| श्रेणी क. | रु. १५००।०० |
| श्रेणी ख. | रु. १०००।०० |
| ८८ शीत भण्डार | |
| श्रेणी क. | रु. २०००।०० |
| श्रेणी ख. | रु. १५००।०० |
| ८९ साईवर व्यवसाय | |
| श्रेणी क. | रु. १०००।०० |
| श्रेणी ख. | रु. ८००।०० |
| ९०. कृषी उपज खरिद विक्री व्यवसाय | |
| क श्रेणी बार्षिक | रु. ३०००।- |
| ख श्रेणी बार्षिक | रु. २०००। |
| ९१. एग्रो फर्म (उद्योग | |
| क श्रेणी बार्षिक | रु. ५०००।- |
| ख श्रेणी बार्षिक रु. | रु. ३५००।- |

ग श्रेणी बार्षिक रु. २०००।-

९२. मनि ट्रान्स्फर सेवा

क श्रेणी बार्षिक रु. ३०००।-

ख श्रेणी बार्षिक रु.२०००

९२. घरेलु कृषि तथा पशुपालन

क श्रेणी रु.१५००

ख श्रेणी रु.१०००

ग श्रेणी रु.८००

९३. फलफुल पसल

क श्रेणी रु.८००

ख श्रेणी रु ५००

९४.दुग्ध उत्पादन बिक्रि पसल

क श्रेणी रु. १०००

ख श्रेणी रु.७००

९५. कानुनी परामर्श दाता रु. १५००

९६. निजी एफ.एम./रेडियो

क श्रेणी रु. ३०००

ख श्रेणी रु. २०००

९७. सन्चार सेवा बार्षिक रु. ५०००

९८. निजी पत्रिका प्रकाशन बार्षिक रु. १५००

माथि उल्लेखित बाहेका अन्य व्यवसायहरुलाई व्यवसायको प्रकृति हेरी रु. १००।- देखि ५०००।- सम्म लिने । व्यवसाय कर बक्यौतामा प्रकृति हेरी ५% देखि २५% सम्म जरिवाना लिने ।

## एकिकृत सम्पत्तिको दर

| क्र.स. | मूल्याङ्कन रकम | | | | एकीकृत सम्पत्तिकर बार्षिक रु.□ |
|---|---|---|---|---|---|
| १ | १ ⟶ | देखि | १ लाख २५ हजार | सम्म | २५ |
| २ | १ लाख २५ हजार १ | देखि | १ लाख ५० हजार | सम्म | ३० |
| ३ | १ लाख ५० हजार १ | देखि | १ लाख ७५ हजार | सम्म | ३५ |
| ४ | १ लाख ७५ हजार १ | देखि | २ लाख | सम्म | ४० |
| ५ | २ लाख १ | देखि | २ लाख २५ हजार | सम्म | ४५ |
| ६ | २ लाख २५ हजार १ | देखि | २ लाख ५० हजा? | सम्म | ५० |
| ७ | २ लाख ५० हजार १ | देखि | ३ लाख | सम्म | ६० |
| ८ | ३ लाख १ | देखि | ३ लाख ५० हजार | सम्म | ७० |
| ९ | ३ लाख ५० हजार १ | देखि | ४ लाख | सम्म | ८० |
| १० | ४ लाख १ | देखि | ४ लाख ५० हजा? | सम्म | ९० |
| ११ | ४ लाख ५० हजार १ | देखि | ५ लाख | सम्म | १०० |
| १२ | ५ लाख १ | देखि | ६ लाख | सम्म | १२० |
| १३ | ६ लाख १ | देखि | ७ लाख | सम्म | १४० |
| १४ | ७ लाख १ | देखि | ८ लाख | सम्म | १६० |
| १५ | ८ लाख १ | देखि | ९ लाख | सम्म | १८० |
| १६ | ९ लाख १ | देखि | १० लाख | सम्म | २०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | १० लाख १ | देखि | १२ लाख | सम्म | २५० |
| १८ | १२ लाख १ | देखि | १४ लाख | सम्म | २८० |
| १९ | १४ लाख १ | देखि | १६ लाख | सम्म | ३२० |
| २० | १६ लाख १ | देखि | १८ लाख | सम्म | ३६० |
| २१ | १८ लाख १ | देखि | २० लाख | सम्म | ४०० |
| २२ | २० लाख १ | देखि | २२ लाख | सम्म | ५०० |
| २३ | २२ लाख १ | देखि | २४ लाख | सम्म | ६२५ |
| २४ | २४ लाख १ | देखि | २६ लाख | सम्म | ७५० |
| २५ | २६ लाख १ | देखि | २८ लाख | सम्म | ८७५ |
| २६ | २८ लाख १ | देखि | ३० लाख | सम्म | १००० |
| २७ | ३० लाख १ | देखि | ३४ लाख | सम्म | १२०० |
| २८ | ३४ लाख १ | देखि | ३८ लाख | सम्म | १६५० |
| २९ | ३८ लाख १ | देखि | ४२ लाख | सम्म | २१०० |
| ३० | ४२ लाख १ | देखि | ४६ लाख | सम्म | २५५० |
| ३१ | ४६ लाख १ | देखि | ५० लाख | सम्म | ३००० |
| ३२ | ५० लाख १ | देखि | ६० लाख | सम्म | ३५०० |
| ३३ | ६० लाख १ | देखि | ७० लाख | सम्म | ५१२५ |
| ३४ | ७० लाख १ | देखि | ८० लाख | सम्म | ६७५० |
| ३५ | ८० लाख १ | देखि | ९० लाख | सम्म | ८३७५ |
| ३६ | ९० लाख १ | देखि | १ करोड | सम्म | १०,००० |
| ३७ | १ करोड १ | देखि | १ करोड २० लाख | सम्म | १२००० |
| ३८ | १ करोड २० लाख १ | देखि | १ करोड ४० लाख | सम्म | १४००० |
| ३९ | १ करोड ४० लाख १ | देखि | १ करोड ६० लाख | सम्म | १६००० |
| ४० | १ करोड ६० लाख १ | देखि | १ करोड ८० लाख | सम्म | १८००० |
| ४१ | १ करोड ८० लाख १ | देखि | २ करोड | सम्म | २०,००० |
| ४२ | २ करोड १ | देखि | २ करोड ५० लाख | सम्म | २५००० |
| ४३ | २ करोड ५० लाख १ | देखि | ३ करोड | सम्म | ३२००० |
| ४४ | ३ करोड १ | देखि | ३ करोड ५० लाख | सम्म | ३९००० |
| ४५ | ३ करोड ५० लाख १ | देखि | ४ करोड | सम्म | ४६०० |
| ४६ | ४ करोड १ | देखि | ४ करोड ५० लाख | सम्म | ५३००० |
| ४७ | ४ करोड ५० लाख १ | देखि | ५ करोड | सम्म | ६०,००० |
| ४८ | ५ करोड १ रुपैया देखि माथि २ दुई□ रुपैया प्रति हजार | | | | |

ठेक्काको दररेट विवरण :

| ठेक्का स्थान | न्यूनतम अंक बार्षिक |
|---|---|
| १. सवारी पार्किङ्ग शूल्क संकलन | रु १०,६०,०००। - |
| २. विहिवारे हटिया धनपा ५ | रु ४,२५,०००।- |
| ३. विहिवारे हटिया धनपा १ | रु ४,००,०००।- |
| ४. चमेनागृह धनपा कार्यालय | रु १,००,०००।- |

**आ.व. २०७३/०७४ को लागि धनकूटा न.पा. वडा नं.५ र १ स्थित साप्ताहिक हटियाको दररेट:**

| सि.नं | व्यापार सेवाको किसिम | दर (प्रतिहप्ता) |
|---|---|---|

| | | |
|---|---|---|
| १ | कपडा पसल रेडिमेट | रु. ५०।०० |
| २ | आलू (विउ) १० पाथी भन्दा कम | रु. २०।०० |
| ३ | आलू (विउ) १० पाथी भन्दा बढी | रु. ३०।०० |
| ४ | जूत्ता चप्पल, घडी, रेडियो आदि | रु. ४०।०० |
| ५ | मकै,कोदो,चामल १ मुरी भन्दा कम | रु. १५।०० |
| ६ | मकै,कोदो,चामल १ मूरी भन्दा बढी | रु. ३०।०० |
| ७ | मास,भटमास, वोडी, तेल्हन, बदम आदी १० पाथी सम्म | रु. ३०।०० |
| ८ | मास,भटमास,वोडी, तेल्हन, बदम आदी १० पाथी भन्दा बढी | रु. ५०।०० |
| ९ | हाटमा विक्री गर्ने,रागा,सूगूर,वोका, खसी आदि चौपाय(प्रतिगोटा) | रु. ४०।०० |
| १० | सूंगूरको पाठापाठी प्रति गोटा | रु. ३०।०० |
| ११ | हांस कूखूरा (हूर्किएको) प्रति गोटा | रु. १५।०० |
| १२ | चटपटे, हजाम, आईसक्रिम | रु. ३०।०० |
| १३ | सब्जी, फलफूल विक्री खुद्रे | रु. १५।०० |
| १४ | सब्जी, फलफुल बिक्रि(धेरै परिमाणको) | रु. ३०।०० |
| १५ | श्रृंगारका सामान | रु. ३०।०० |
| १६ | जिरा, मरिच, मसला तथा किराना पसल | रु. ४०।०० |
| १७ | अदूवा,लसून,खूर्सानी,वेसार,सूर्ती आदि | रु. २०।०० |
| १८ | परेवा प्रति जोडी | रु. १०।०० |
| १९ | चिया नस्ता पसल | रु. ३०।०० |
| २० | माछा प्रति पेरुङ्गो | रु. १०।०० |
| २१ | माटाको भाडाबर्तन | रु. ३०।०० |
| २२ | धातुको भाडाबर्तन | रु.४०।०० |
| २३ | | |
| २४ | उल्लेखित वाहेक व्यापार तथा सेवाको किसिमका आधारमा रु. ५०० भन्दा घटी को विक्रीलाई रु.१०।०० र सो भन्दा वढीलाई पसलको प्रकृती हेरी रु. ५०।०० सम्म लगाउन सक्ने | |

***<u>बिहिबारे हटिया धनपा ५ स्थित संरचनाहरुको भाडा दरः</u>***

१.सब्जी ब्लकको अस्थायी सेड(छाना बाला) प्रतिहप्ता प्रति मिटर रु.२५
२.सब्जी ब्लकको प्लेटफर्म प्रति हप्ता प्रति मिटर रु.१५
३.सर्टर सहितको स्थायी सेड (ए) प्रति गोटा मासिक रु.१०००
४.सर्टर सहितको स्थायी सेड (बी) प्रति गोटा मासिक रु.८००
५.स्थायी गोदाम प्रति गोटा प्रति महिना रु.१०००
६.कस्मेटीक ब्लकको अस्थायी सेड(छानाबाला) प्रति हप्ता प्रति मिटर रु.३०
७.कपडा ब्लकको अस्थायी सेड(छानाबाला) प्रति हप्ता प्रति मिटर रु.५०
८.चिया पसल कवल(साबिक पाटी) प्रति गोटा प्रति महिना रु. ५००
९.सडक पुर्वको स्थायी सेड(सि) प्रति गोटा मासिक रु. ८००
१०.सडक पुर्वको स्थायी सेड(डि) प्रति गोटा मासिक रु. १०००

निर्णय नं. ३

धनकुटा नगरपालिका साझेदारी विकास कोषबाट लगानी गरी भाखा नाघेका उद्यमी/व्यवसायी ऋणीहरुबाट साँवा व्याज असुली कार्यलाई प्रभावकारी बनाउन २०७२ साल माघ १ गते देखि लागु हुने गरी २०७३ साल आषाढ मसान्तसम्मको लागि विगत बर्षहरु बमोजिमनै साँवा व्याज एकमुष्ट तिरेमा व्याज रकममा पचास प्रतिशत छुट दिने निर्णय गरियो ।

निर्णय नं. ४

धनकुटा नगरपालिकाबाट आर्थिक बर्ष २०७१।७२ मा सम्पन्न बार्षिक आय व्यय अभिलेखको अन्तिम लेखा .परीक्षण भक्तपुर जिल्ला मध्यपुर थिमी नगरपालिका वडा नं. १४ स्थित ई. आर. सिग्देल एण्ड एसोसिएट्स चाटर्ड एकाउण्टेण्ट काठमाडौंबाट सम्पन्न भई पेश भएको प्रतिवेदन आगामी नगरपरिषदमा छलफल भई प्रतिवेदनमा उल्लेखित सुझावलाई कार्यान्वयन गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।


निर्णय नं. ५

धनकुटा नगरपालिका पदपूर्ति समितिले मिति २०७१।१०।०१ गते देखि हाल सम्म गरेका पदपूर्ति सम्बन्धी सम्पादति कामको विवरण सहितको प्रतिवेदन उपर छलफल भई अनुमोदन गरियो ।

निर्णय नं. ६

धनकुटा नगरपालिकाको मिति २०७१।९।२९ गतेको नगर परिषद्बाट स्वीकृत धनकुटा नगरपालिकाको संगठन तालिका र कर्मचारी दरवन्दीलाई निम्नानुसार यथावत कायम रहने गरी स्वीकृत गरियो ।

# धनकुटा नगरपालिकाको संगठन संरचना



<u>**धनकुटा नगरपालिका प्रस्तावित कर्मचारी दरवन्दी विवरण ।**</u>

| क.स. | तह | सेवा | पद | प्रस्तावित दरवन्दी |
|---|---|---|---|---|
| १ | रा.प. द्धित्तिय | प्रशासन | कार्यकारी अधिकृत | १ |
| २ | अधिकृतस्तर छैठौं | प्रशासन | प्रबन्धक | १ |
| ३ | अधिकृतस्तर छैठौं | प्रशासन | वित्तिय अधिकृत | १ |
| ४ | अधिकृतस्तर छैठौं | प्राविधिक | इन्जिनियर | १ |
| ५ | अधिकृतस्तर छैठौं | प्रशासन | प्रशासकीय अधिकृत | १ |
| ६ | अधिकृतस्तर छैठौं | प्रशासन | राजश्व अधिकृत | १ |
| ७ | अधिकृतस्तर छैठौं | प्रशासन | सामाजिक विकास अधिकृत | १ |
| ८ | सहयकस्तर पाचौं | प्रशासन | लेखापाल | १ |
| ९ | सहयकस्तर पाचौं | प्रशासन | आ.ले.प. | १ |
| १० | सहयकस्तर पाचौं | प्रशासन | सामाजिक परिचालक | २ |
| ११ | सहयकस्तर पाचौं | प्राविधिक | कम्प्युटर अपरेटर | १ |
| १२ | सहयकस्तर पाचौं | प्राविधिक | सव इन्जिनियर | ३ |
| १३ | सहयकस्तर पाचौं | प्रशासन | योजना सहायक | १ |
| १४ | सहयकस्तर पाचौं | प्रशासन | प्रशासन सहायक | १ |
| १५ | सहयकस्तर पाचौं | प्रशासन | राजश्व सहायक | १ |
| १६ | सहयकस्तर पाचौं | प्राविधिक | सूचना सहायक | १ |
| १७ | रा.प. अनं. द्धित्तिय | प्रशासन | स्थानीय पञ्जीकाधिकारी | १ |
| १८ | सहयकस्तर चौंथो | प्राविधिक | दमकल अपरेटर | १ |
| १९ | सहयकस्तर चौंथो | प्राविधिक | अ.स. इन्जिनियर | २ |
| २० | सहयकस्तर चौंथो | प्रशासन | कार्यालय सहायक | ५ |
| २१ | सहयकस्तर चौंथो | प्रशासन | वडा सचिव | २ |
| २२ | सहयकस्तर चौंथो | प्राविधिक | अमिन | १ |
| २३ | सहायकस्तर तेश्रो | प्राविधिक | सवारी चालक | ३ |
| २४ | सहायकस्तर पहिलो | प्रशासन | कार्यालय सहयोगी | ७ |
| २५ | सहायकस्तर पहिलो | प्रशासन | सरसफाईकर्मी | ६ |
| २६ | | करार | नगर प्रहरी | ४ |
| **जम्मा** | | | | ५१ |

निर्णय नं. ७

धनकुटा नगरपालिका कार्यालयमा सेवारत देहायका अथायी करार सेवाका कर्मचारीहरुको २०७२ साल श्रावण १ गते देखि २०७२ साल पौष मसान्तसम्म म्याद थप गरिएको निर्णयलाई अनुमोदन अस्थायी एवम करार सेवामा कार्यरत निम्न कर्मचारीहरुको म्याद २०७२ साल पौष मसान्तमा समाप्त हुने भएकाले मिति २०७२ साल माघ १ गते देखि मिति २०७३ साल आषाढ मसान्तसम्म म्याद थप अनुमोदन गरियो ।

| निम्न : | | सेवा प्रकृति |
|---|---|---|
| १. | प्रवन्धक श्री नुषराज श्रेष्ठ | अस्थायी |
| २. | वित्त अधिकृत श्री उपेन्द्र खनाल | अस्थायी |
| ३. | सामाजिक परिचालक श्री महेशप्रसाद श्रेष्ठ | अस्थायी |
| ५. | सवारी चालक श्री अमरबहादुर राई | करार |

निर्णय नं. ८

यस कार्यालयबाट नियमित सेवा सम्पादन गर्न सरसफाईकर्मी, नगर प्रहरी, कार्यालय सहयोगि लगायतका क्षेत्रमा सेवाकरार सेवा उपलव्ध गराउन गरिएको सम्झौता बमोजिम र मिति २०७२।१०।०१ देखि मिति २०७३ असार मसान्तसम्मको लागि भएको सम्झौता नविकरण अनुमोदन गरियो ।

निम्न

| क.स. | नाम, थर ठेगाना | सेवा | मिति/सेवा शुल्क |
|---|---|---|---|
| १ | मनिराज ठकुरी, फाक्चामारा गाविस... , तेह्रथुम | नगर प्रहरी सेवा | मिति २०७२।६।११ गते देखि हाल सम्म मासिक रु १२,५०० ।- |
| २. | श्री देवेन्द्र थापा, धनपा २ | नगर प्रहरी सेवा | मिति २०७२।४।१ देखि हालसम्म मासिक रु. १२,०००।- |
| ३. | श्री सविता राई, धनपा ८ | नगर प्रहरी सेवा | मिति २०७२।४।१ देखि हालसम्म मासिक रु. १२,०००।- |
| ४. | श्री नवराज घिमिरे, धनपा ३ | कार्यालय सहयोगि सेवा | मिति २०७२।४।१ देखि हालसम्म मासिक रु. ११,०००।- |
| ५. | श्री भविमाया पोखरेल, धनपा ३ | नगर सरसफाई सेवा | मिति २०७२।४।१ देखि हालसम्म मासिक रु. १०,०००।- |
| ६. | श्री दिपेश भुजेल, धनपा ३ | नगर सरसफाई सेवा | मिति २०७२।४।१ देखि हालसम्म मासिक रु. १०,०००।- |
| ७. | श्री धिमाल सिंह राई, धनपा ९ | नगर सरसफाई सेवा | मिति २०७२।४।१ देखि हालसम्म मासिक रु. १०,०००।- |
| ८. | श्री श्रवण मल्लिक,इटहर्वा ४ सिराह | नगर सरसफाई सेवा | मिति २०७२।४।१ देखि हालसम्म मासिक रु. ९,०००।- |
| ९. | श्री सुकमाया सार्की, धनपा ३ | नगर सरसफाई सेवा | मिति २०७२।४।१ देखि हालसम्म मासिक रु. ७,०००।- |

निर्णय नं. ९

धनकुटा नगरपालिका अन्तरगत रहेका महिला स्वास्थ्य स्वयम सेवीकाहरुलाई स्थानीयस्तरमा स्वयम सेवीकाको भूमिका निर्वाह गरेबापत बार्षिक प्रोत्सहानखर्च प्रतिव्यक्ति रु ५०००।- (पाँचहजार) उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १०

धनकुटा नगरपालिका कार्यालयमा कार्यरत कर्मचारी खरिदार राजेशकुमार श्रेष्ठको यस कार्यालयमा कार्यरत छदाँको अवस्थामानै उपचारको क्रममा मिति २०७२।८।२७ गतेका दिन बीर अस्पताल काठमाडौंमा मृत्यू भएकोले निजको परिवारलाई स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६४ ग बमोजिम रु १,५०,०००।- (एकलाख पचासहजार) रकम विशेष आर्थिक सुविधा दिने प्रस्ताव स्वीकृति गरियो ।

निर्णय नं. ११

धनकुटा नगरपालिका कार्यालयबाट उपलव्ध गराईने नियमित सेवा अन्तगत सहयोगि कक्षमा सेवा संचालनको लाीग धनकुटा नगरपालिका वडा नं. ५ स्थित विकासका लागि सहकार्य नेपाल संग र शहरी सडकवत्ति व्यवस्थापनको लागि प्राविधिक सेवा उपलव्ध गराउन धनकुटा नगरपालिका वडा नं. ७ स्थित संचार विकास समुहसंग भएको बार्षिक सेवा सम्झौता अनुमोदन गरियो ।

निर्णय नं. १२

शहरी शासकीय क्षमता विकास (ग्न्म्ए) कार्यक्रमको सहयोगमा तयार गरी स्वीकृत धनकुटा नगरपालिका राजश्व सुधार योजनालाई चालु बर्षमा समेत निरन्तर कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

धनकुटा नगरपालिका कार्यालयको आ.व. २०७१।७२ को जिन्सी श्रेस्ताको निरिक्षण भई पेश भएको प्रतिवेदन उपर छलफल भयो । प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

स्थानीय स्वायत्त शासन ऐन तथा तत्सम्बन्धी नियमावलीका आधारमा धनकुटा नगरपालिका कार्यालयको कामलाई चुस्त राख्न एवं प्रभावकारी तवरले सेवा सम्पादन गर्न विभिन्न मितिमा जारी गरिएका निम्न कार्यविधिहरुलाई संसोधनसहित स्वीकृत गरियो ।

**तपसिल :**

१. भवन निर्माण तथा योजना मापदण्ड (परिमार्जनसहित), २०७२
२. सरसफाई एवं शहरी सडक व्यवस्थापन कार्यविधि, (संशोधन सहित), २०७२
३. छाडा पशु नियन्त्रण कार्यविधि, (संशोधन सहित), २०७२
४. धनकुटा नगरपालिका नागरिक वडापत्र, (संशोधन सहित), २०७२
५. धनकुटा नगरपालिका आन्तरिक कार्य व्यवस्थापन कार्यविधि, २०७२

निर्णय नं. १५

धनकुटा नगर क्षेत्रमा शहरीकरण व्यवस्थापनको लागि तयार भएको नगर यातायात गुरु योजनालाई स्वीकृत गरी सोही बमोजिम सम्बन्धित सडक उपभोक्ता समितिहरुसंग समन्वय गरी चालु आर्थिक बर्ष देखिनै नगर क्षेत्रमा सडक अधिकार क्षेत्र कायम गरी योजना संचालन गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. १६

चालु आर्थिक बर्ष २०७१/७२ देखि लागु हुने गरी धनकुटा नगरपालिकाको दोश्रो आवधिक योजना (२०७२/७३-२०७६/७७ ) तयार गर्न प्रकृया थालनी गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

धनकुटा नगरपालिका वातावरण कोषमा रहेको वजेटबाट नगर क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्न आवश्यक पर्ने इन्धन, जनशक्ति परिचालनको लागि चाहिने सहयोगी सामाग्री तथा जनशक्ति व्यवस्थापन खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

धनकुटा नगरपालिका क्षेत्रमा नगर सरसफाई व्यवस्थापनमा कार्यरत सेवाकरार व्यक्तिहरुलाई चालु खर्च सरसफाई तथा अन्य सेवा शुल्कबाट पारिश्रमिक तथा सेवा शुल्क दिन नपुग बजेट चालुतर्फ अन्य शिर्षकमा संशोधित बजेटमा शिर्षक समायोजन गरी खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं.  १९

धनकुटा नगरपालिकाको दिर्घकालिन सोच "धनकुटा नगर स्वच्छ सुन्दर समुन्नत शहर" लाई आत्मसात गर्दै धनकुटा नगरलाई स्वच्छ सफा राख्न, नगरपालिकाको आन्तरिक आयमा सुदृढिकरण गर्न, शहरी सुसासन व्यवस्थापनको लागि नागरिकलाई सुसुचित गराई नगरपालिका कार्यालयबाट सम्पादित नियमित सेवा तथा विकास योजना कार्यक्रमलाई जनसहभागितामुलक एवम उपलब्धीमुलक रुपमा कार्यान्वयन गर्न योगदान दिने निम्न क्षेत्रका व्यक्तिहरुलाई सम्मान तथा पुरस्कार वितरण गर्ने निर्णय गरियो ।

**दोसल्ला तथा प्रमाणपत्रद्धारा सम्मानित गरिएका व्यक्तिहरु :**

१. सामाजिक संघसंस्थामा रही सिर्जनात्मक भूमिका निर्वाह गर्नु हुने धनकुटा नगरपालिका वडा नं. ७ बस्ने जस बहादुर लिम्बु ।

२. नगर क्षेत्रमा राजश्व अभिबृद्धि तथा सुधारका लागि उल्लेख्य योगदान गर्नु हुने धनकुटा न.पा. १  वस्ने श्री ठेगनाथ घिमिरे ।

३. घरघरमा फोहोरबाट जैविक मल तयार गरी फोहोर व्यवस्थापनगर्न  भुमिका खेल्नुहुने धनकुटा न.पा. ७ वस्ने यशोदा शाक्य

**धनकुटा नगरपालिका पत्रकारिता पुरस्कार  (प्रति व्यक्ति नगद पुरस्कार रु १०,०००।-) बाट पुरस्कृत  गरिएका संचारकर्मीहरु ।**

१. धनकुटा नगरपालिका पत्रकारिता पुरस्कार, २०७१ बाट पुरस्कृत हुने तेश्रोधार साप्ताहिकका सम्पादक नारायण कुमार आठपहरिया ।

२. धनकुटा नगरपालिका पत्रकारिता पुरस्कार, २०७२ बाट पुरस्कृत हुने कान्तिपुर टेलिभिजनका सम्बाद्दाता विनोद घिमिरे ।

निर्णय नं. २०

धनकुटा नगरपालिका कार्यालयबाट तोकिएको जिम्मेवारी इमान्दार एवं कर्तव्यनिष्ठ भई प्रभावकारी तवरले जिम्मेवारी सम्पादन गर्ने कर्मचारीहरु मध्ये कार्यसम्पादन मापनस्तरमा उच्च अंक प्राप्त गर्ने कर्मचारी ..........................................................................लाई रु १०,०००। (दसहजार) नगद तथा प्रमाण पत्र सहित पुरस्कृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २१

धनकुटा नगरपालिका कार्यालयबाट सम्पादित नियमित सेवा तथा विकास निर्माण लगायत नगरपालिकासंग सरोकार राख्ने क्षेत्रमा धनकुटा नगरपालिकाको तर्फबाट सेवा प्रबाहको अवस्था र प्रभावकारीता विषयमा मिति २०७२ साल कार्तिक ३० गते धनकुटा नगरपालिका वडा नं. १४ स्थित संयूक्त वडा समितिको कार्यालय परिसर थानीमा सम्पन्न भएको सार्वजनकि सुनुवाई कार्यक्रमको प्रतिवेदन उपर छलफल भई प्राप्त सुझाव र

प्रतिकृयालाई लाई मध्येनजर गरी नगरपालिकाको नियमित सेवा व्यवस्थापन तथा योजना कार्यक्रम संचालनमा सुधार गर्ने निर्णय गरियो ।

निर्णय नं. २२

धनकुटा नगरपालिकाको आर्थिक बर्ष २०७१/७२ मा सम्पादित् कार्यहरुको सन्दर्भमा भएको सामाजिक परीक्षणको प्रतिवेदन, २०७२ उपर छलफलभई प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २३

धनकुटा नगरपालिका पदपूर्ति समितिले मिति २०७२।८।२३ गतेको निर्णय बमोजिम प्राविधिक पदमा करार सेवामा कर्मचारी नियूक्तीको लागि गरेको सिफारिस विवरणसहित पेश गरेको प्रतिवेदन उपर छलफल भई अनुमोदन गरियो ।

निर्णय नं. २४

धनकुटा नगरपालिका क्षेत्रलाई मिति २०७० साल बैसाख १ गते देखि प्लाष्टिक झोला निषेधित नगर घोषणा, मिति २०७१ साल पौष १६ गते तदानुसार सन २०१४ डिसेम्वर ३१ मा खुलादिशामुक्त तथा पूर्ण खोप सुनिश्चित नगर घोषणा भएकाले चालु आर्थिक बर्षमा पूर्ण सरसफाई एवम प्लाष्टिक झोला नियन्त्रण अभियानलाई कार्य योजना सहित कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २५

"धनकुटा नगर स्वच्छ सुन्दर समुन्नत शहर" मुल मर्मलाई मध्ये नजर गरी शहरी वातावारणलाई सुधार गर्न निजी क्षेत्रबाट सेवा उपलब्ध गराउन सञ्चालित भएको धनकुटा न.पा. वडा नं. ७ बसपार्क स्थित सार्वजनिक शौचालय र धनपा ५ स्थित पशुपद्यस्थल आयोजनालाई नगरपालिका र सम्बद्ध निकायसंगको सहकार्यबाट प्रभावकारी तवरले सञ्चालन व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. २६

धनकुटा नगरक्षेत्रमा स्थानीय टोलवस्ती संङगठनहरुसँगको साझेदारीमा संचालित सडकवत्ती ५०/५० कार्यक्रमलाई दिगो र प्रभावकारी बनाउन नियमित शुल्क सङकलन प्रकृयालाई चुस्त बनाई अभिलेखमा आधारित सेवा व्यवस्थापन गर्ने र बाँकी टोल क्षेत्रमा नगरपालिकाको सडबत्ति व्यवस्थापनको लागि अबलम्बन गरिएको साझेदारी नीति अनुसार सम्झौताको लागि समयावधि निर्धारण गरी पत्राचार गर्ने र निधारित समयमा सम्झौता नगर्ने टोल क्षेत्रमा सेवा बन्द गर्ने निर्णय गरियो ।

निर्णय नं. २७

धनकुटा नगरपालिकाको स्वामित्वमा रहेको भौतिक सम्पत्ति, पूर्वाधार एवं सार्वजनिक सम्पत्ति एकिन गरी प्रचलित ऐन कानूनद्धारा तोकिएको ढाँचामा विवरण तयार गरी अभिलेख कायम गर्ने गरी चालु वर्षमा थप क्षेत्रको सम्पत्ति व्यवस्थापनको काम थालनी गर्ने एवम नगर क्षेत्रमा बनेका सार्वजनिक सडकहरुको स्थानीयस्तरमा उपभोक्ताहरुको स्वनिर्णयका आधारमा सम्बद्ध कार्यालयसंग सहकार्य गरी सडकको लगत कट्टा अभियानलाई निरन्तरता दिई कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २८

नगरपालिकाको नियमित काममा चुस्तता ल्याउन कार्य सम्पादन स्तरमा गुणस्तर वृद्धि गरी शहरी सुशासन कायम गर्न न्यूनतम शर्त तथा कार्य सम्पादन मापनमा देखिएका नतिजा र समस्याको विश्लेषण गरी नतिजामा सुधार ल्याउन आवश्यक कार्य योजना बनाई  उच्च प्राथमिकतापुर्वक कार्यान्वियन गर्ने निर्णय गरियो ।

निर्णय नं. २९

धनकुटा नगर क्षेत्रमा हालसम्म सम्पादित योजनाहरुको जांचपासभई फरफारक गरेको विभिन्न मितिमा नगरपालिका योजना शाखामा अभिलेख रहेको विवरणलाई अनुमोदन गरियो ।

निर्णय नं. ३०

धनकुटा नगर क्षेत्रमा फोहोर व्यवस्थापनको लागि विश्व बैंकको सहयोगमा नतिजामा आधारित कार्यक्रम अनुसार फोहोर व्यवस्थान गर्न चालु बर्षको लागि प्राप्त हुने बजेटलाई कार्य योजना बनाई स्थानीय सरोकारवालाहरुको सहभागितामा प्रभावकारी तवरले संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३१

नेपाल सरकारको बालमैत्री नगर घोषणा गर्ने कार्यक्रम अनुसार धनकुटा नगरपालिका क्षेत्रमा आवश्यक आधारभूत सूचकहरु पुरा गर्न कार्य योजना तयार गरी सम्बद्ध निकाय तथा कार्यालयसंग आवश्यक समन्वय गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३२

धनकुटा नगर क्षेत्रको समग्र सामाजिक आर्थिक बृद्धिका लागि नेपालको विकासमा अनुकरणीय योगदान दिन अन्तराष्ट्रियस्तरका अन्य शहरहरुसंग भगिनी सम्बन्ध (Sister Relation) स्थापित गरी धनकुटा नगरको विकासमा सहकार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ३३

नेपाल सरकार मन्त्री परिषद्बाट स्वीकृत सफा शहर कार्यक्रम र बातावरणमैत्री स्थानीय शासन कार्यक्रममा उल्लेखित सूचक पुरा गर्न नगरपालिकाबाट संचालित कार्यक्रमहरुलाई परिलक्षित गरी संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३४

धनकुटा नगरपालिका वडा नं. १४ बेलहारामा हवाई मैदान निर्माणको लागि संस्कृति तथा पर्यटन मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ३५

धनकुटा नगरपालिका वडा नं. ७,  ८ र ९ को संगमस्थल चुलिबनमा एकीकृत साँस्कृतिक पर्यटन विकास गुरु योजना निर्माण भई कार्यान्वयनको चरणमा रहेको हुँदा गुरु योजना अनुसारको निर्माण कार्यमा बजेट सहयोगका लागि एवम नगर क्षेत्रको पर्यटन गुरु योजना निर्माणको लागि संस्कृति तथा पर्यटन मन्त्रालयमा योजना माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ३६

धनकुटा नगरपालिका वडा नं. १, ८, ९, १३, १४ र १५ मा खानेपानीको समस्या भएकाले बृहत खानेपानी योजना संचालनको लागि संभाव्यता अध्ययन तथा बजेट बिनियोजनका लागि खानेपानी तथा सरसफाई मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३७

धनकुटा नगर क्षेत्रमा संचालित विभिन्न सहकारी संस्था र वित्तिय संस्थाहरुले नगरका शहरी क्षेत्रमा मात्र समुह लगानी केन्द्रित गरेको हुँदा धनकुटा नगरका ग्रामिण तथा गरिव बसोवास क्षेत्रमा लगानी विस्तार गर्न सम्बद्ध वित्तिय संस्थाहरुलाई अनुरोध गर्ने र धनकुटा नगरपालिका गाउँ नगर साझेदारी विकास कोषमा रहेको लगानीलाई अद्यावधिक गरी अतिपिछाडिएको क्षेत्रमा कोषलाई नियमित संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३८

धनकुटा जिल्लाकै अधिक टमाटर उत्पादन हुने क्षेत्रलाई आधारमानी धनकुटा नगर क्षेत्रमा टमाटर प्रसोधनका लागि उपयूक्त प्रविधिमा आधारित उद्योग स्थापना गर्न कृषि विकास र बाणिज्य मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३९

धनकुटा नगर क्षेत्रमा स्वस्थ, स्वच्छ र सफा मासु उत्पादन तथा बिक्रीको लागि सहजीकरण गर्न एव बजारका खाद्यय सामाग्रीहरुको गुणस्तर कायम राख्न मासु पसल र बजारको सरोकारवाला निकायहरुको संयूक्त अनुगमन टोलीले मिति २०७२।९।१० गते स्थलगत अनुगमन गरी पेश गरेको प्रतिवेदन उपर छलफल भई सम्बद्ध निकायहरुसंग सहकार्य गरी कार्य योजना तयार गरी नियमित रुपमा अनुगमन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४०

धनकुटा नगरपालिकाको दिर्घकालिन सोच धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर लाई मध्ये नजर गरी धनकुटा नगर क्षेत्रलाई सफा एवम स्वच्छ राख्न एवम फोहोर व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाउनका लागि नगर क्षेत्रमा फोहोर व्यवस्थापन निजी क्षेत्रमार्फत संचालन गर्न आवश्यक अध्ययन, विश्लेषण एवम व्यवस्थापन प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ४१

धनकुटा नगरपालिका क्षेत्रमा पर्यटन तथा आर्थिक विकासको लागि धनकुटा नगरपालिका वडा नं. १ त्रिसुलेमा VIEW TOWER निर्मार्णि, जौटारमा पर्यटन क्षेत्र विकास, धनपा ३ को कोल्डस्टोर संचालन गर्न सम्बद्ध निकायमा बजेटको माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ४१

धनकुटा टुँडिखेलमा मञ्च तथा प्यारापिट निर्माण सहित टुँडिखेल सुधार योजना संचालनको लागि बजेट व्यवस्थापन गर्न सम्बद्ध मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४२...

धनकुटा नगरपालिका वडा नं. १४ बेलहारा थानीमा प्रहरी चौकी स्थापनाको लागि जिल्ला प्रशासन कार्यालय मार्फत नेपाल सरकार गृह मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४३

धनकुटा नगरपालिकाको चालु आर्थिक बर्षमा हाल सम्म भएका आय व्ययको मासिक तथा चौमासिक विवरण, भौतिक एवं वित्तिय प्रगति विवरण र गुनासो सुनुवाईको अवस्थाको जानकारी प्राप्त भई छलफल गरी आगामी दिनमा समयै कार्य सम्पादन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४४

नगर क्षेत्रमा सञ्चालन हुने विभिन्न विकास योजना, कार्यक्रम, शहरी सुशासन सम्बन्धी एवं सरोकारवालाहरुको सहकार्यमा सम्पादित कामको जानकारी सहित सम्पन्न सेवाको सम्बन्धमा सुझाव र प्रतिकृया प्राप्त गर्ने स्थानीय संचार माध्यम (पत्रपत्रिका, रेडियो एफ.एम) बाट प्रचार प्रसारको लागि आपसी छलफल र सहमतिमा नियमित प्रकासन तथा प्रशारण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४५

धनकुटा नगरपालिका अन्तर्गत गठित तपसिलका विभिन्न समिति, उपसमिति, समन्वय समितिहरुले मिति २०७१।१०।१ गते देखि हालसम्म गरेका सम्पूर्ण निर्णयहरु अनुमोदन गरियो ।

तपसिल :

१. राजश्व परामर्श समिति
२. नगर क्षमता विकास समन्वय समिति
३. सार्वजनिक निजी साझेदारी प्रवर्द्धन समिति
४. खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति
५. स्थानीय परिचय पत्र सिफारिस समिति
६ नगरपालिका साझेदारी विकास कोष सञ्चालन समिति
७. योजना अनुगमन तथा सुपरिवेक्षण समिति
८. सामाजिक परिचालन समिति
९. नगरस्तरीय स्वास्थ्य समिति
१०. पदपूर्ति समिति

निर्णय नं. ४६

धनकुटा नगरपालिकाको मिति २०७२।४।०१ देखि मिति २०७२।९।२७ गते सम्मका सम्पूर्ण निर्णयहरु अनुमोदन गरियो ।

निर्णय नं. ४७

धनकुटा नगरपालिकाको योजना नीति तथा कार्यक्रम र आगामी आर्थिक बर्ष २०७३/७४ को योजना नीति तथा कार्यक्रम सहित प्रमुख एवम् कार्यकारी अधिकृतबाट तयार भएको बजेट बक्तव्यलाई स्वीकृत गरियो ।

निर्णय नं. ४८

धनकुटा नगर क्षेत्रमा रहेको त्रिवेणी उच्च माविमा प्रयोगशाला निर्माण, भाषा उच्च माविमा प्रयोगशाला निर्माण, पात्लेखोला डुम्रेसान्ने उत्तरपानी सडकस्तरोन्नति र हिले बजार स्थित बौद्ध धर्मालम्बीहरुको छात्रावास निर्माण योजनाहरुलाई निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम समावेश हुन सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.  ४९

धनकुटा नगरको समग्र विकासको लागि स्थानीय स्तरमा सम्पन्न वडा भेला, विभिन्न संघ संस्थाको माग र नगरको दिर्घकालिन विकास लक्ष्य समेतलाई मध्ये नजर गरी धनकुटा नगरपालिकाको बजेट बिनियोजनमा नपरेका अनुसूचि १ मा उल्लेखित योजनाहरुलाई इकालास्तरीय गोष्ठीमा र अनुसूची २ मा उल्लेखित योजनाहरुलाई योजना बैकमा सूचीकृत गरी आगामी जिल्ला परिषदमा समावेश गर्न नगर परिषद् बैठकमा पेश गर्ने र  निर्वाचन क्षेत्र विकास कार्यक्रम लगायत सम्बद्ध निकायहरुमा बजेट माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ५०

धनकुटा नगर क्षेत्रमा योजना तथा कार्यक्रम संचालन गर्ने सरकारी तथा गैर सरकारी कार्यालय वा संघसंस्थाहरुबाट संचालन गरिने निम्नानुसार योजनाहरुलाई नगर परिषद्को पुस्तिकामा सुचीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ५१

आगामी आ.व. २०७३/७४ को वार्षिक योजना कार्यक्रम र वजेट तयारीको लागि आयोजित वडाभेला, विभिन्न समिति, उपसमितिको बैठक, छलफल तथा अन्तरकृया कार्यक्रममा सहभागि भई महत्वपूर्ण सहयोग गर्नुहुने राजनैतिकदल, विभिन्न समितिका पदाधिकारीहरु, विभिन्न सरकारी कार्यालयहरु, संघ संस्थाहरु, सचारकर्मी, टोलवस्ती संगठनहरु, उपभोक्ता समितिहरु, लक्षित क्षेत्रका संस्था तथा व्यक्तिहरु, नगारिक समाज, वडा नगरिकमञ्च, नागरिक सचेतनाकेन्द्रहरु, कर्मचारीहरु लगायत सरोकारवाला सम्पूर्ण क्षेत्रलाई धन्यवाद ज्ञापन सहित चौविसौं नगर परिषद् बैठक सम्पन्न गरियो ।